## मिति २०८१/०९/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | इच्छा कुमार श्रेष्ठ सन्तोष कुमार दास, नेत्रप्रसाद मरासिनि, सुकबहादुर गुरूङ, प्रकाश भट्टराई र भोलेबाबा कन्स्ट्रक्सन (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०१३५ र फैसला मिति २०८१/०३/१४ | **झुट्टा बिल भरपाई बनाई सार्बजनिक सम्पत्तिको हानिनोक्शानी समेत गरी भ्रष्टाचार गरेको।** | प्रतिवादी इच्छाकुमार श्रेष्ठ र सन्तोष कुमार दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) ले परिभाषित कसुरमा बिगो रकम रु.९,३२,५४८।७३ (नौ लाख बत्तिस हजार पाँच सय अठ्चालिस रुपैयाँ त्रिहत्तर पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको सजाय गरी उक्त बिगोसमेत असुल उपर गरिपाउन र सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को खरिद सम्झौताको अन्त्य र सो को उपचार अन्तर्गत उपदफा | **फैसलाः**<br>प्रतिवादी प्रतिबादीहरू इच्छाकुमार श्रेष्ठ,सन्तोषकुमार दास,नेत्र प्रसाद मरासिनी,सुक बहादुर गुरूङ,प्रकाश भट्टराई,र भोलेबाबा कन्स्ट्रक्सन लाई आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) प्रतिबादीहरूको मौकामा र अदालतमा उपस्थित भई बयान गर्दा ईन्कार गरी बयान गरेको | उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ<br>क) भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बुटवल, रुपन्देहीबाट आ.व. २०७४/०७५ मा ठेकेदार र उपभोक्ता समिति मार्फत् नवलपरासी जिल्लाको देवचुली र दुम्कीबासमा ट्युववेलको काम भएकोमा हालसम्म MS fitting, Outlet को निर्माण नै नभए तापनि कार्यालयले भुक्तानी गरिसकेको र उपभोक्ता समिति तथा ठेकेदारको काममा Duplication भएको देखिएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको उजुरी परेको देखिन्छ ।नवलपरासीमा संचालित उक्त योजनाहरू मध्ये डिप ट्युववेल सिंचाई प्रणाली, दुम्कीबास-५, नवलपरासीको लागत अनुमान रु.२९,२३,७२३।७५ रहेकोमा भ्याट, कन्टिन्जेन्सी र उपभोक्ताको अंशसहित रु.३६,०२,९५६।४२ मध्ये रू.१,५२,९६२।३९ को काम जन श्रमदानबाट र रु.३४,४९,९९४।०३ रहेको र डिप ट्युववेल सिंचाई प्रणाली, देवचुली-१, नवलपरासीको लागत अनुमान रु.२९,२३,७२७।७३ रहेकोमा भ्याट, कन्टिन्जेन्सी उपभोक्ताको अंशसहित रु.३६,०२,५३२।७६ मध्ये रु.१,५२,५३४।०२ को काम जन श्रमदानबाट र रु.३४,४९,९९८।७४ को काम ठेक्का मार्फत गर्ने गरी लागत अनुमान स्वीकृत भएको देखिन्छ<br>ख) ठेक्का नं. १६/२०७४/०७५, पम्प घर तथा ओभरहेड ट्याङ्क निर्माण कार्य दुम्कीबास-५, नवलपरासी र ठेक्का नं. १८/२०७४/०७५, पम्प घर तथा ओभरहेड ट्याङ्क निर्माण कार्य देवचुली-१, नवलपरासीका लागि पेस गरेको बोलपत्र मिति २०७४/११/२५ को निर्णय अनुसार स्वीकृत भएको धरौटी रकम रु.३,७५,०००।- र रु.३,३६,०००।- लिई ७ दिनभित्र सम्झौता गर्न भोलेबाबा कन्स्ट्रक्सन, दाउन्नेदेवी-१, नवलपरासीलाई भूमिगत जल सिंचाई विकास डिभिजन बुटवल, रुपन्देहीको मिति २०७४/११/२७ गते पत्र लेखि सम्झौता गर्न आउन भन्ने समेतको पत्र लेखेको देखिन्छ । ठेक्का नं. १६/०७४-७५ नवलपरासीको पम्प हाउस, स्टोरेज टेङ्की र वितरण प्रणाली दुम्कीबास-५, नवलपरासीका लागि रु.२२,८८,८३८।७३ भ्याटसहित कार्यसम्पन्न गर्ने गरी र ठेक्कास नं. १८/०७४-७५ नवलपरासीको पम्प हाउस, स्टोरेज टेङ्की र वितरण प्रणाली देवचुली-१, नवलपरासीका लागि रु.२३,७५,३६१।५९ भ्याटसहित कार्यसम्पन्न गर्ने गरी भूमिगत जल सिंचाई विकास डिभिजन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६,७,८,९ बमोजिम कानूनी प्रकृया अबलम्बन नगर्दा हुन गएको हानी नोक्शानी गरेको समेत गरी प्रतिवादी इच्छाकुमार श्रेष्ठ र सन्तोष कुमार दासलाई बिगो रकम रु.५३,७५,२००।३२ (त्रिपन्न लाख पचहत्तर हजार दुई सय रुपैयाँ बत्तिस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१)(ज) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको बिगो रकम असुल उपरहुन माग दावी रहेको देखिन्छ । प्रतिबादी नेत्रप्रसाद मरासिनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको | र उक्त ईन्कारी बयानलाई पुष्टि हुने गरी बादीका साक्षी एंव अदालतबाट बुझिएको साक्षीहरू समेतले अदालतमा आई बकपत्र गरिदिएको।<br>ख) अदालतबाट बुझिएका साक्षीहरूको बकपत्र बेहोरा समेतको आधारमा उल्लेखित निर्माण कार्यमा कम परिणामको काम गरी बदनियत पूर्वक बढी भुक्तानी दिएको र | कार्यालय, रुपन्देही र भोलेबाबा कन्स्ट्रक्सन, दाउन्नेदेवी-१, नवलपरासी बीच मिति २०७४/१२/०७ मा सम्झौता भएको देखिन्छ ।सो सम्झौता बमोजिम उक्त ठेक्काहरूको मिति २०७५।०३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी कार्यदेश दिएको देखिन्छ । ठेक्काई नं. १६/०७४-७५ नवलपरासी निर्माण कार्यको जम्मा रु.१६,४७,५०३।१० र भ्याट रु.२,१४,१७५।४० समेत कूल जम्मा रु.१८,६१,६७८।५० को काम भएको भनी मिति २०७५/०३/१२ मा नापी किताबमा जनिएको, नापजाँच गरेको मिति २०७५/०३/१५ उल्लेख गरी रनिङ्ग बिल तयार गरको साथै ठेक्का नं. १८/०७४-७५ नवलपरासी निर्माण कार्यको जम्मा रु.१७,००,८८२।६० र भ्याट रु.२,२१,११४।७४ समेत कूल जम्मा रु.१९,२१,९९७।३४ को काम भएको भनी इन्जिनियर सन्तोषकुमार दासले नापजाँच गरी तयार गरेको रनिङ्ग बिलमा भोलेबाबा कन्स्ट्रक्सनको अख्तियारी प्राप्त प्रकाश भट्टराईले दस्तखत गरी छाप लगाएकोमा डिभिजन प्रमुख इच्छाकुमार श्रेष्ठले स्वीकृत गरी मिति २०७५।०३।२५ गते उक्त रकम भुक्तानी दिएको देखिएको।<br>ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट ठेक्का नं. १८ को मिति २०७८।०६।१७ गते मथुरा थनेत समेतले गरिदिएको स्थलगत सुचुल्कामा उक्त ठेक्कामा निम्न बमोजिमको कार्य भएको भनी प्रतिबेदन दिएको देखिन्छ<br>१) डिप ट्युववेल निर्माण तथा जडान कार्यका लागि देवचुली नगरपालिका वडा नं. १ स्थित सृजनशील डिप ट्युववेल जल उपभोक्ता समिति र भोलेबाबा कन्स्ट्रक्सन प्रा.लि.ले भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बुटवलबाट एउटै कार्यका लागि भनी रकम भुक्तानी लिएकोमा निम्न बमोजिमका कार्यहरू सृजनशील डिप ट्युववेल जल उपभोक्ता समितिबाट भएको हो भन्ने उल्लेख गरेको देखिन्छ ।<br>(क)पम्प हाउसभित्र रहेको डिप बोरिङ्गभित्रको पाइप खरिद, खन्ने, पूर्ने कार्यमा रकम थप गरेको। (ख)फिल्डमा खुल्ला रुपमा राखिएका १६० mm, २.५ kg/cm२ का १६२ पिस पाइपहरूमा उपभोक्ता समितिको खर्च नभएको भन्ने जानकारी प्राप्त भएको। (ग)पाइपलाइन सञ्चालनमा नरहेकोले pressure testing work सम्बन्धी कुनै कार्य नभएको। (घ)छुट्टै योजना मार्फत डिप ट्युववेलको विद्युतीकरण सम्बन्धी कार्यमा पम्प मोटर जडान भएको।<br>२) डिप ट्युववेल निर्माण तथा जडान कार्यमा भोलेबाबा कन्स्ट्रक्सन प्र.लि. मार्फत (ठेक्काम नं. १८/०७४/०७५/) भएका कार्यहरू देहाय बमोजिम रहेको<br>(क) डिप ट्युववेलका लागि ओभरहेड ट्याङ्की निर्माण भएको, जसको साईज २.२५×२.२३ मी. उचाई ३.१५ मी. (floor देखि स्ल्याबसम्म) र त्यसमाथि ४ वटा पिलर, स्ल्याब र बिम तथा ट्याँकी रहेको। (ख) ट्युववेल कोलम-२ वटा नरहेको। (ग)ओभरहेड ट्याङ्कीमा कुनै लेखन कार्य नभएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुर गरेकोले निज प्रतिवादीलाई बिगो रकम रु.५३,७५,२००।३२ (त्रिपन्न लाख पचहत्तर हजार दुई सय रुपैयाँ बत्तिस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) (ज) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको उक्त बिगोसमेत निजबाट असुल उपर गरिपाउन आरोप दावी लिईएको देखिन्छ भने प्रतिवादी सुकबहादुर गुरुङ्ग र प्रकाश भट्टराईलाई बिगो रकम रु.६३,०७,७४९।०५ (त्रिसट्ठी लाख सात हजार सात सय उनन्पचास रुपैयाँ पाँच पैसा) कायम गरी | आपसी मिलोमतोमा प्रतिबादीहरूले सरकारी रकम खाई मासी हिनामिना गरेको भन्ने तथ्य बस्तुगत प्रमाणबाट पुष्टि हुन आएन ।<br>ग) प्रतिबादीहरू ले निर्माण कार्यको रनिङ्ग बिल भुक्तानी गर्दा कसैबाट कुनै किसिमको लाभ स्वीकार गरेको तथा कसैको मोलाहिजामा परेको भन्ने पुष्टि हुन नसकेको | पेन्टिङ्ग भएको, ग्रिल रहेको (भेन्टिलेसनमा मात्र) रहेको।(घ) पाइपलाइन सञ्चालनमा नरहेकोले Pressure testing सम्बन्धी कुनै कार्य नभएको।(ङ) पाइपहरू खुला अवस्थामा देखिएकोले खन्ने पूर्ने कार्य भएको नदेखिएको । यसरी उक्त योजना सम्पन्न भएको नदेखिएकोले संचालनमा नआएको भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिबेदन दिएको देखिन्छ ।<br>घ) यस्तै ठेक्का नं. १६ को मिति २०७८/०६/१७ गते उपभोक्ता समितिका अध्यक्ष गीता घर्ती मगरसमेतले गरेको स्थलगत मुचुल्का स्थलगत निरिक्षण गरी तयार गरिएको मुचुल्कामा डिप ट्युववेल बोरिङ्ग निर्माण कार्य निम्न बमोजिम रहेको देखियोः<br>**अ) डिप ट्युववेल बोरिङ्ग निर्माणमा**<br>(१) पाइपलाइन खन्ने पुर्ने कार्य सम्पन्न।(२)१६० mm को ४ kg/cm२ को ६९५ मी. खरिद गरेकोमा २४ मी. पाइप खुला ठाउँमा राखेको अवस्थामा देखियो भने बाँकी पाइप पुरिएको अवस्थामा रहेको।(३) पम्पहाउस निर्माण कार्य विनयी त्रिवेणी गाउँपालिकाको बजेटबाट निर्माण गरिएको। जुन पम्पहाउसको नापजाँज २.३×२.३ मी. साइज उचाई २.२० m., ढोका ०.९×२.८ मी. (प्लेन सिटको), स्ल्याव रहेको। ट्यूववेल कोलुम ०.३×०.२३ मी.को उचाई २.९ मी. २ थान रहेको (४) उपभोक्ता समितिबाट नपुग थप १० पीस १६०mm का पाइप खरिद गरिएको ।<br>**आ)** निर्माण कार्यका लागि भोलेबाबा कन्स्ट्रक्सन प्रा.लि.बाट भएका निर्माण कार्य देहायको रहेकोः (१)ओभरहेड ट्याङ्की साइजः २.३×२.४ मी., उचाई २.४० मी. भूईंतला र त्यसमाथि ४ वटा पिलर बीम स्ल्याबसहितको ट्याङ्की। (२)१६० mm को पाइप खरिद गरेको ।<br>**ई)** ठेक्काको कामबाट भुक्तानी भएको मध्ये ओभरहेड ट्याङ्कीमा पेन्टिङ कार्य नभएको, ढोका (प्लेन सिटको), ग्रिल, लेखन कार्य, प्रेसर टेस्टिङ्ग कार्य नभएको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ<br>**च)** ठेक्का नं. १६ को स्थलगत नापजाँच, प्राविधिक प्रतिवेदन र विवरण तालिकाः निर्माण कार्यको नापजाँच गर्दा ६९५ मिटर पाइप जडान गरेको स्थलगत मुचुल्काबाट देखिन आए तापनि पाइपलाइन सञ्चालनमा रहेको नदेखिंदा नापी किताबको आइटम नं. ४ को Pressure testing work for per-completion of UPVC Pipe Line distribution System सम्बन्धी कुनै कार्य नभएको हुँदा सो बापतको रू.५,०००।-बराबरको कार्यको बढी मूल्याङ्कन गरी बढी भुक्तानी गरेको भन्नेसमेत बेहोराको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन रहेको साथै जिल्ला नवलपरासी साविक दुम्कीबास-५ को ठेक्का नं. १६।०७४।०७५ को कार्यको स्थलगत अनुगमन र नापजाँच गरी हेर्दा पम्प हाउस निर्माण गरी त्यसैमाथि ओभरहेड टैंकी निर्माण गरेको र पाइप लाइनको लागि खरिद गरेका १६० mm dia.को पाइपहरू खरिद गरेको तर जडान नगरेको बुझिन आएको, भए/गरेका निर्माण कार्यहरूको नापजाँच गरी स्थलगत मुचुल्का अलगै पाना र नापजाँच विवरण अलगै पाना संलग्न गरिएअनुसार उक्त ठेक्का सम्झौता अनुसारको कार्यमा रु.३,१३,९८२।८५ बराबरको कार्य नै नगरी बढी मूल्याङ्कन गरी बढी भुक्तानी गरेको भन्नेसमेत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर आरोपमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उक्त बिगोसमेत जफत गरिपाउँ साथै प्रतिवादी भोलेबाबा कन्स्ट्रक्सनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगोअनुसार जरिवाना गरी उक्त बिगोसमेत जफत गरिपाउँन माग दावी लिई बिशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर । | | बेहोराको आयोगको कार्यालय, बुटवलका सव-ईन्जिनियर संजिवकुमार पण्डितले मिति २०७८।११।२५ मा पेस गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन।ठेक्काव नं. १६/०७४-७५/Nawalparasi मार्फत भए/गरेका कार्यहरू |

| क्र.सं. | कामको विवरण | नापी किताब बमोजिमको परिमाण | स्थलगत नापजाँच बमोजिम परिमाण | इकाई | स्थलगत नापजाँच घटी बढी परिमाण | नापी किताब बमोजिमको दररेट | स्थलगत नापजाँच बमोजिमको घटी बढी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| 1 | Earth Work ExcaVATion in ordinary soil | 19.49 | 12.01 | Cu.m | 7.48 | 100.00 | 747.80 |
| 2 | Dry Stone soling work | 3.53 | 2.00 | Cu.m | 1.53 | 1500.00 | 2295.00 |
| 3 | 1:3:6 PCC work | 2.38 | 1.00 | Cu.m | 1.38 | 11000.00 | 15180.00 |
| 4 | PCC work in 1:2:4 for RCC Work | 9.09 | 5.51 | Cu.m | 3.58 | 11000.00 | 39385.50 |
| 5 | PCC work in 1:1.5:3 for RCC Work | 4.53 | 3.23 | Cu.m | 1.31 | 13000.00 | 16965.00 |
| 6 | 1st class brick masonry work in 1:4 Cement Mortar | 9.24 | 6.92 | Cu.m | 2.32 | 13000.00 | 30124.77 |
| 7 | Reinforcement Steel work including supplying, cutting, bending, binding & placing in position | 1618.31 | 1466.83 | Kgs | 151.48 | 110.00 | 16662.30 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 8 | Form work for shuttering all complete | 113.38 | 79.38 | Sq.m | 34.00 | 500.00 | 17000.00 |
| 9 | 12.5mm thick cement plaster in 1:4 C/M | 147.00 | 87.25 | Sq.m | 59.75 | 200.00 | 11949.60 |
| 10 | Cement punning in 1:1 C/M work | 20.47 | 15.84 | Sq.m | 4.63 | 100.00 | 463.00 |
| 11 | Two Coat water proof cement paint and one coat primer | 118.22 | 52.12 | Sq.m | 66.10 | 200.00 | 13219.88 |
| 12 | Supply, fitting of fixing of 20 mm gauge plane sheet with iron angle for door with enamel painting all complete & all accessories size 1.8*1.0m | 1.00 | 0.00 | Nos | 1.00 | 10000.00 | 10000.00 |
| 13 | Writing of salient features | 1.00 | 0.00 | Job | 1.00 | 500.00 | 500.00 |
| 14 | Supply and fitting of MS pipe and fittings | 1.00 | 0.00 | Set | 1.00 | 6000.00 | 6000.00 |
| 15 | Supplying of UPVC pipe fittings of 4 kg/cm2 with necessary accessorie | 1 | 0.00 | Set | 1.00 | 3000 | 3000.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | s | | | | | | |
| 16 | laying fitting and fixing of 160mm dia. UPVC pipe | 1225 | 0.00 | Rm | 1225.00 | 50 | 61250.00 |
| 17 | E/W ExcaVATion in trench box cutting in hard soil | 541.8 | 0.00 | Cu.m | 541.80 | 100 | 54180.00 |
| 18 | E/W in backfilling for overlying UPVC pipeline | 30.6 | 0.00 | Cu.m | 30.60 | 100 | 3060.00 |
| 19 | Pressure testing work for pre-completion of UPVC pipeline distribution system system | 3 | 0.00 | loop | 3.00 | 4000 | 12000.00 |
| | | | | | | **Total** | **रु.313982.85** |

## क्का नं. १८ को नापजाँच विवरण तालिका।।

## ठेक्का नं/75-18/074 .Nawalparasi मार्फत भएःगरेका कार्यहरू/

| क्र.स. | कामको विवरण | नापी किताब बमोजिमको परिमाण | स्थलगत नापजाँच बमोजिम | इकाई | स्थलगत नापजाँच बमोजिम घटी बढी | नापी किताब बमोजिम को दररेट | स्थलगत नापजाँच बमोजिमको घटी बढी रकम |
|---|---|---|---|---|---|---|---|

| | | | परिमाण | | परिमाण | | रु. |
|---|---|---|---|---|---|---|---|
| 1 | Earth Work Excavation in ordinary soil | 19.49 | 12.01 | Cu.m | 7.48 | 150.00 | 1121.70 |
| 2 | Dry Stone soling work | 3.53 | 2.00 | Cu.m | 1.53 | 1500.0 | 2295.00 |
| 3 | 1:3:6 PCC work | 2.38 | 1.00 | Cu.m | 1.38 | 11000.0 | 15180.00 |
| 4 | PCC work in 1:2:4 for RCC Work | 9.09 | 5.42 | Cu.m | 3.67 | 13000.00 | 47720.56 |
| 5 | PCC work in 1:1.5:3 for RCC Work | 4.53 | 3.31 | Cu.m | 1.22 | 13000.0 | 15799.06 |
| 6 | 1st class brick masonry work in 1:4 Cement Mortar | 9.24 | 5.32 | Cu.m | 3.92 | 13000.0 | 50939.66 |
| 7 | Reinforcement Steel work including supplying, cutting, bending, binding & placing in position | 1618.31 | 1466.83 | Cu.m | 151.48 | 110.00 | 16662.30 |
| 8 | Form work for shuttering all complete | 113.38 | 78.16 | Sq.m | 35.22 | 500.00 | 17608.10 |
| 9 | 12.5mm thick cement plaster in 1:4 C/M | 147.00 | 71.66 | Sq.m | 75.34 | 200.00 | 15068.50 |
| 10 | Cement punning in 1:1 C/M work | 20.47 | 9.30 | Sq.m | 11.17 | 100.00 | 1117.00 |
| 11 | Two Coat water proof cement paint and one coat primer | 118.22 | 0.00 | Sq.m | 118.22 | 200.00 | 23644.00 |
| 12 | Supply, fittting of fixing of 20 mm gauge plane sheet with iron angle for door with enamel painting all complete & all acessories size 1.8*1.0m | 1.00 | 0.00 | Nos | 1.00 | 10000.0 | 10000.00 |
| 13 | Writing of sailent features | 1.00 | 0.00 | Job | 1.00 | 1500.00 | 1500.00 |
| 14 | Supply and fitting of MS pipe and fittings | 1.00 | 0.00 | Set | 1.00 | 6000.00 | 6000.00 |
| 15 | Supplying of 160mm dia. UPVC pipe of 4 kg/cm2 | 200.00 | 0.00 | Rm | 200.00 | 1000.00 | 200000.00 |
| 16 | Supplying of 160mm dia. UPVC pipe of 2.5 kg/cm2 | 1025 | 972.00 | Rm | 53.00 | 600 | 31800.00 |
| 17 | Supplying of UPVC pipe fittings of 4 kg/cm2 with | 1 | 0.00 | Set | 1.00 | 3000 | 3000.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | necessary accessories | | | | | | |
| 18 | laying fitting and fixing of 160mm dia. UPVC pipe | 1225 | 0.00 | Rm | 1225.00 | 50 | 61250.00 |
| 19 | E/W ExcaVATion in trench box cutting in hard soil | 541.8 | 0.00 | Cu.m | 541.80 | 150 | 81270.00 |
| 20 | E/W in backfilling for overlying UPVC pipeline | 30.6 | 0.00 | Cu.m | 30.60 | 150 | 4590.00 |
| 21 | Pressure testing work for pre-completion of UPVC pipeline distribution system system | 3 | 0.00 | loop | 3.00 | 4000 | 12000.00 |
| **Total** | | | | | | | रु. **618565.88** |

भूमिगत जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय रूपन्देहीको मिति २०७९।०२।२४ को पत्रबाट समेत उक्त ठेक्काहरूको मिति २०७५।०३।१५ गते सम्म कार्यसम्पन्न गर्नुपर्नेमा उक्त कार्य सम्पन्न हुन नसकेको समयमा म्याद थप सम्बन्धी कुनै प्रकृया नचलेको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ ।सोही कार्यालयको मिति २०७९।०३।०२ को पत्रबाट समेत भोलेबाबा कन्सट्रक्सनलाई प्रथम रनिङ्ग बिल भुक्तानी भएको र सार्बजनिक खरिद सम्बन्धी कानून बमोजिम कम्तिमा २१ दिन अगावै ठेक्काको म्याद थप हुनको लागी सम्बन्धित ठेकदारले कार्यालयमा निबेदन पेश गर्नु पर्नेमा सो नगरेको भन्ने समेत उल्लेख भई आएबाट समेत यी प्रतिबादीहरूले उक्त ठेक्का सम्पन्न नहुँदै म्याद समाप्त भएको भए पनि उक्त योजनाको म्याद थपको लागी कुनै पहल गरेको भन्ने देखिदैन

यी प्रतिबादीहरूले काम सम्पन्न गर्ने तर्फ कसैले अग्रसरता र उत्तरदायित्व बहन गर्न खोजेको देखिदैन यस्तै कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, बर्दघाट कार्यालयबाट भोलेबाबा कन्स्ट्रक्सनको अनुरोधमा भूमिगत सिंचाई डिभिजन कार्यालय, बुटवलको नाममा जारी भएको Performance Bond No. PB/०१५३/०२०८/३८५३/१८ को रु.३,७५,०००।- र Performance Bond No. PB/०१५३/०२०६/३८५३/१८ को रु.३,३६,०००।- को बैंक जमानतको अन्तिम मिति २०१९ मार्च १७ सम्म रहेकोमा हाल दुबै जमानतको म्याद समाप्त भई फुकुवासमेत भएको र बैंकको जमानत कारोबार कार्यविधि अनुसार अन्तिम म्यादसम्म दाबी भुक्तानी नआएका जमानत फुकुवा गर्ने प्राबधान रहेको हुँदा सोही अनुसार उक्त जमानतहरू बैंकको कोर बैंकिङ System बाट Automatic फुकुवा हुने व्यबस्था भएको हुँदा सोही अनुसार फुकुवा भएको भन्नेसमेत बेहोराको मिति २०७९/०४/१५ को पत्रबाट देखिन्छ

**उपयुक्त तथ्यहरू रहेको प्रस्तुत मुद्दामा प्रतिबादीहरूको निम्न कार्यमा संलग्नता रहेको देखिदा देखिदै**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । ।**<br><br>क) प्रतिबादी इच्छा कुमार श्रेष्ठ,सन्तोष कुमार दास र नेत्र प्रसाद मरासिनी समेतले भूमीगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, बुटवल रुपन्देहीबाट आ.व. २०७४/७५मा पम्पहाउस, स्टोरेज टंकी र वितरण प्रणाली निर्माण कार्यको ठेक्कामा ठेक्काको नं.१६/०७४-७५/Nawalparasi को ठेक्का सम्झौतामा कार्य नै नगरी नभए नगरेको कामलाई भए गरेको हो भनी प्रथम रनिङ्ग बिलको नापी किताव र ठेक्का सम्बन्धी बिलमा चढाई बढी मुल्याङ्कन गरी बढी भुक्तानी लिएको देखिन्छ। ठेक्कामा ठेक्का नं.१६/०७४-७५/Nawalparasi को ठेक्का र सम्झौता अनुसारको कार्यमा रु. ३,१३,९८२।८५ र ठेक्का नं.१८/०७४-७५/Nawalparasi को ठेक्काको सम्झौता अनुसारको कार्यमा रु. ६,१८,५६५।८८ बराबरको कार्य नै नगरी बढी मुल्याङ्कन गरी बढी भुक्तानी लिएको देखिन्छ । नापी किताव र ठेक्का सम्बन्धी विल इन्जिनियर सन्तोष कुमार दासले नापजाँच गरी ठेकेदारले फिल्डमा गरेको वास्तविक काम भन्दा नापी कितावमा नभए नगरेको कामलाई भए गरेको भनी बढी काम गरेको देखाई झुट्टा विल बनाई कार्यालय प्रमुखले स्वीकृत गरेको देखिन्छ । प्रतिबादी मध्येका लेखापाल नेत्र प्रसाद मरासिनीले गोश्वारा भौचर उठाई डिभिजन प्रमुख इच्छा कुमार श्रेष्ठले स्वीकृत गरी दुबै योजनाको रकम भुक्तानी गरेको देखिन्छ ।यी प्रतिबादीहरूको आपसमा मिलेमतोमा बदनियत साथ सरकारी रकम भुक्तानी दिईएको देखिन्छ । म्याद थपको प्रक्रिया नचाली/नचलाई प्रचलित कानुनले तोकेको सम्झौताको अन्त्य र सोको उपचार नखोजी उल्टो म्याद समाप्त भएका ठेक्काको रनिङ्ग विल म्याद समाप्त भई सकेपछी जारी भएको बिजक समेत अन्देखा गरी भुक्तानी समेत गरी Performance Bond No.PB/०१५३/०२०८/३८५३/१८ को रु. ३,७५,०००।- र Performance Bond No.PB/०१५३/०२०६/३८५३/१८ को रु. ३,३६,०००।- को बैंक जमानतको अन्तिम अवधि सन २०१९ मार्च १७ (मिति २०७५।१२।०३) सम्म रहेकोमा उक्त म्याद समाप्त हुनु अगाबै कानुन तथा सम्झौताका शर्त अनुसार भुक्तानी दावी गर्नु पर्नेमा सो नगरी दुबै जमानतको म्याद समाप्त भई फुकुवा समेत हुने गरी भए गरेको कामबाट जम्मा रु. ७,११,०००।- (सात लाख एघार हजार) हानी नोक्सानी भएको देखिन्छ ।आयोगबाट गरिएको स्थलगत अनुगमन\ निरिक्षणको क्रममा समेत उक्त योजना सम्पन्न भएको नदेखिएको,संचालनमा नआएको भन्ने समेत देखिएको हुँदा यी प्रतिबादीहरूको मिलोमतोमा उक्त रकम भुक्तानी भएको भन्ने पुष्टि हुन आउछ । साथै इच्छा कुमार श्रेष्ठ समेतले ठेक्काको बिचैमा ठेकेदाले छोडेको कामका लागि प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्नु पर्ने दायित्व पुरा नगरी ठेक्का सम्झौताको बैधता र अस्तित्व नै समाप्त हुने गरी भए गरेको कामबाट नेपाल सरकारलाई आरोपपत्रमा दावी गरे बमोजिमको हानी नोक्सानी पुर्याएको देखिन्छ ।यी प्रतिबादीहरूले उक्त योजनाको म्याद समाप्त भएपछि म्याद थप सम्बन्धमा कुनै प्रकृया |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अगाडी नबडाई आफ्नो दायित्वबाट समेत बिमूख भई नेपाल सरकारलाई हानी नोक्शानी भएको देखिन्छ ।यी प्रतिबादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसूर गरेकोमा इन्कार गरी बयान गरेपनि उक्त योजना सम्पन्न भएको भन्ने बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । उक्त योजना संचालनमा यी प्रतिबादीहरूको आ-आफ्नो भुमिका प्रति स्वीकार गरेकै छन ।प्रतिबादीहरूले आफुले उक्त योजनाबाट गैरकानूनी लाभ लिई भ्ष्ट्राचार गरेको छैन भनी बयान गरेपनि योजना हालसम्म पनि संचालनमा नरहेको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट गरिएको नाँपजाँच प्रतिबेदन तथा सर्जमिन मुचुल्कालाई अन्यथा भन्न सकेका छैनन । यसरी मिसिल संलग्न कागजबाट यी प्रतिबादीहरूले संचालित योजनाहरूको नभएको काम भए गरेको भनी गरिएको नाँपजाँच गरी रकम भुक्तानी दिई नेपाल सरकारलाई नोक्शान र आफूलाई र निर्माण व्यवसायीलाई फाईदा हुने कार्य गरी भष्टाचार गरेको मिशिल संलग्न प्रमाणबाट देखिदा देखिँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>ख) प्रतिबादी भोलेबाबा कन्स्ट्रक्सन र सो का प्रोप्राइटर, ठेकेदार सुक बहादुर  गुरुङ्गले भूमीगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, वुटवल रुपन्देहीबाट आ.व. २०७४/७५ मा पम्पहाउस, स्टोरेज टंकी र वितरण प्रणाली निर्माण कार्यको ठेक्का लिएको देखिन्छ । निजले प्रथम रनिङ्ग बिल भुक्तानी लिंदा नभए नगरेको काम भए गरेको भनी बढी मुल्याङ्कन गर्न लगाई नभए नगरेको कामको बढी भुक्तानी लिई नियमानुसारको म्याद थपको लागि निवेदन नै नगरी म्याद थप तर्फ कुनै प्रक्रिया नै नचाली प्रथम रनिङ्ग बिल भुक्तानीको माग गरेको देखिन्छ । नापी किताव र ठेक्का सम्बन्धी बिल तयार गर्न लगाएको, फिल्डमा गरेको वास्तविक काम भन्दा नापी कितावमा नभए नगरेको कामलाई भए गरेको हो भनी बढी काम गरेको देखाउन लगाएको,यी प्रतिबादीको मिलोमतोमा  इन्जिनियर सन्तोष कुमार दासले नापजाँच गर्दा नभएको कार्यलाई समेत भए गरेको हो भनी झुट्टा विल बनाई यी निर्माण व्यवसायीलाई उपलब्ध गराएको देखिन्छ । सोही नापी किताव र विलमा भए गरेको भनी तयार गरेको नापी कितावमा ठेकेदार प्रतिनिधि प्रकाश भट्टराईले सही गरी कन्स्ट्रक्सनको छाप लगाई स्वीकृतिका लागि कार्यालय प्रमुख समक्ष पेश गरी ठेक्का  नं.१६/०७४-७५/Nawalparasi को ठेक्का सम्झौता अनुसारको कार्यमा रु. ३,१३,९८२।८५ बराबरको र ठेक्काs नं.१८/०७४-७५/Nawalparasi को ठेक्काको सम्झौता अनुसारको कार्यमा रु. ६,१८,५६५।८८ बराबरको गरी दुवै ठेक्का/को फिल्डमा भए गरेको वास्तविक  काम भन्दा नापी कितावमा बढी काम गरेको देखाउन लगाई झुट्टा विल बनाई/बनाउन लगाई भुक्तानी भएको देखिन्छ ।यी प्रतिबादीले नियमानुसारको समयमा ठेक्काको म्याद समाप्त भएको अवस्थामा समेत ठेक्काको म्याद थपको प्रक्रिया नचाली/नचलाई प्रचलित कानुनले तोकेको सम्झौता अनुसारको दायित्व पुरा गर्ने तर्फ अन्देखा गरी आफ्नो दायित्व पुरा नगरी/नगराई म्याद समाप्त भएका ठेक्का को रनिङ्ग विल समेत भुक्तानी गराई बैंक जमानत को अन्तिम म्याद सन २०१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मार्च १७ (मिति २०७५।१२।०३) सम्म रहेकोमा दुबै जमानतको म्याद थप गरी/गराई कार्यालयमा पेस गर्नु पर्नेमा सो नगरी म्याद समाप्त भई Performance Bond No. PB/०१५३/०२०८/३८५३/१८ को रु. ३,७५,०००।- र Performance Bond No. PB/०१५३/०२०६/३८५३/१८ को रु. ३,३६,०००।- को फुकुवा समेत हुने गरी भए गरेको कामबाट जम्मा रु. ७,११,०००।- (सात लाख एघार हजार) हानिनोक्सानी पुर्याएको देखिन्छ । साथै बिचैमा  कार्यालयलाई पूर्व जानकारी नदिई सम्झौता विपरित हुने गरी काम छोडी प्रचलित कानुन अनुसार गर्नु पर्ने सम्झौताको बैधता र अस्तित्व नै समाप्त हुने गरी ठेक्काको सम्झौता अनुसारको शर्त तथा दायित्व पुरा गर्न लापरबाही गरी ठेक्काको उदेश्य पुरा नहुने गरी बिचैमा कामलाई अलपत्र पारी, भए/गरेको लगानीको प्रतिफल शुन्य हुने गरी भए गरेको कामबाट नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याएको ठेक्का नं.१६/०७४-७५ को सम्झौता रकम रु. २२,८८,८३८।७३ (बाइस लाख अठासी हजार आठ सय अठ्तीस रुपैयाँ पैसा त्रिहत्तर) र ठेक्का. नं.१८/०७४-७५ को सम्झौता रकम रु. २३,७५,३६१।५९ (तेइस लाख पचहत्तर हजार तिन सय एकसठ्ठी रुपैंया पैसा उन्नसाठी)  गरी दुबै ठेक्काको जम्मा रु. ४६,६४,२००।३२ (छयालिस लाख चौसठ्ठी हजार दुई सय रुपैयाँ पैसा बत्तिस) समेतबाट कुल जम्मा रु. ६३,०७,७४९।०५ (त्रिसठ्ठी लाख सात हजार सात सय उनन्पचास रुपैयाँ पैसा सुन्य पाँच) आँफु समेतलाई फाइदा र सरकारलाई हानी नोक्सानी हुने गरी निज प्रतिबादी सुक बहादुर गुरुङ्गले कार्य गरेको देखिन्छ । प्रतिबादी सुक बहादुर गुरूङले मौकामा र अदालतमा उपस्थित भई कसूर गरेको इन्कार गरी बयान गरेपनि माथि उल्लेखित तथ्यलाई अन्यथा भन्न सकेको अवस्था समेत देखिदैन ।यसरी प्रतिबादीले उल्लेखित रकम नेपाल सरकारलाई हानी नोक्शानी गरी आफुलाई र कम्पनिलाई फाईदा हुने गरी कार्य गरेको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ  ।<br>ग) प्रतिबादी भोलेबाबा कन्स्ट्रक्सनको तर्फबाट अख्तियारी प्राप्त, अख्तियार वाला प्रकाश भट्टराई भूमीगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, बुटवल रुपन्देहीबाट आ.व. २०७४/७५ मा पम्पहाउस, स्टोरेज टंकी र वितरण प्रणाली निर्माण कार्यको ठेक्कामा लिएको देखिन्छ । निज प्रतिबादी प्रकाश भट्टराईले ठेक्काको फिल्डमा गरेको वास्तविक काम भन्दा नापी किताबमा नभए नगरेको कामलाई भए गरेको हो भनी कम्पनीको तर्फबाट बढी काम गरेको देखाउन ईन्जिनियर सन्तोष कुमार दासलाई लगाई उक्त झुट्टा विल नापी किताव र विलमा भएको कामको नाप जाँच गरी ,तयार गरेको उक्त कागजात कम्पनी र ठेकेदार प्रतिनिधि भई निज प्रतिबादी प्रकाश भट्टराईले सही गरी कन्स्ट्रक्सनको छाप लगाई स्वीकृतिका लागि कार्यालय समक्ष पेश गरेको देखिन्छ ।यसरी नभए नगरेको कामको पनि बिल तयार गर्न लगाई उक्त बिल बमोजिमको कार्यालय प्रमुख र लेखापालको मिलोमतोमा  नभए नगरेको कामको बढी भुक्तानी लिएको देखिन्छ ।साथै ठेक्कामा उल्लेखित कामको कार्य सम्पन्न नहुदै ठेक्का सम्झौताको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | म्याद सकिदा समेत यी प्रतिबादीले नियमानुसारको म्याद थपको लागि निवेदन गरी म्याद थप तर्फ कुनै प्रक्रिया नै गर्न नलगाई प्रथम रनिङ्ग बिल भुक्तानीको माग मात्र गरी नापी किताव र ठेक्का र सम्बन्धी बिल तयार गर्न लगाई भए गरेको कामबाट ठेक्का नं.१६/०७४-७५/Nawalparasi को ठेक्का सम्झौता अनुसारको कार्यमा रु. ३,१३,९८२।८५ र ठेक्का नं.१८/०७४-७५/Nawalparasi को ठेक्काई सम्झौता अनुसारको कार्यमा रु. ६,१८,५६५।८८ बराबरको कार्य नै नगरी बढी मुल्याङ्कन गर्न लगाई भुक्तानी लिएको देखिन्छ । साथै निर्धारित समयमा तोकिएको काम सम्पन्न नगरी ठेक्काको म्याद थपको प्रक्रिया नचाली/नचलाई म्याद समाप्त भएका ठेक्काको रनिङ्ग विल भुक्तानी समेत गराई बैंक जमानतको अन्तिम म्याद सन २०१९ मार्च १७ (मिति २०७५।१२।०३) सम्म रहेकोमा Performance Bond No.PB/०१५३/०२०८/३८५३/१८ को रु. ३,७५,०००।- र Performance Bond No.PB/०१५३/०२०६/३८५३/१८ को रु. ३,३६,०००।- समेत दुबै जमानतको म्याद थप गरी/गराई कार्यालयमा पेस गर्नु पर्नेमा सो नगरी म्याद समाप्त भई फुकुवा समेत हुने गरी भए गरेको कामबाट जम्मा रु. ७,११,०००।- (सात लाख एघार हजार) हानि नोक्सानी पुऱ्याएको देखिन्छ । साथै ठेकेदारले कार्यालयलाई पूर्व जानकारी नदिई सम्झौता विपरित हुने गरी बिचमा काम छोडी प्रचलित कानुन अनुसार गर्नु पर्ने दायित्व पुरा नगरी ठेक्का सम्झौताको बैधता र अस्तित्व नै समाप्त हुने गरी ठेक्काको सम्झौता अनुसारको शर्त तथा दायित्व पुरा गर्न लापरवाही गरी ठेक्काको उदेश्य पूरा नहुने गरी बिचैमा कामलाई अलपत्र पारी, भए/गरेको लगानीको प्रतिफल शुन्य हुने गरी भए गरेको कामबाट नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको दुबै ठेक्काको सम्झौता रकम रु. २२,८८,८३८।७३ (बाइस लाख अठासी हजार आठ सय अठ्तिस रुपैयाँ पैसा त्रिहत्तर) र रु. २३,७५,३६१।५९ (तेइस लाख पचहत्तर हजार तिन सय एकसठ्ठी रुपैंया पैसा उन्नसाठी) गरी जम्मा रु. ४६,६४,२००।३२ (छयालिस लाख चौसठ्ठी हजार दुई सय रुपैयाँ पैसा बत्तिस) समेत निज प्रतिबादी प्रकाश भट्टराईले गरेको कामबाट हानी नोक्सानी पुराएको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br><br>घ)प्रतिबादीहरुले अदालतमा उपस्थित भइ बयान गर्दा कसुर गरेकोमा ईन्कार गरी बयान गरेपनि उल्लेखित कम्पनिको तर्फबाट आधिकारीक अख्तियार प्राप्त अधिकारी भएकोमा स्वीकार गरेकै छन । लिईएको ठेक्काको कार्य समाप्त नहुदै ठेक्काको अवधी समाप्त भएको अबस्थामा म्याद थपको लागी कुनै पहल गरेको भनेर कुनै जिकिर समेत लिन सकेको अवस्था समेत देखिदैन । साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट गरिएको नाँपजाँच र मुचुल्कालाई समेत यी प्रतिबादीले बयानको क्रममा अन्यथा भन्न सकेको अवस्था समेत देखिदैन । यसरी यी प्रतिबादी समेतले माथि उल्लेखित रकम प्रतिबादीले आफुलाई र निर्माण कम्पनिलाई फाईदा र नेपाल सरकारलाई हानी नोक्शानी हुने गरी कार्य गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिन्छ । नेपाल सरकारका साक्षी खेमराज मरासिनीले सम्मानित अदालतमा उपस्थित भई मिति २०७८\०६\१७ को स्थलगत मुचुल्का मैले गराएको हो भनी सनाखत गरेको अवस्था रहेको छ ।प्राबिधिक इन्जिनियरले नापजाँच गरेबमोजिम मुचुल्का तयार भएको हो (स.ज.९) ।उक्त योजना स्थल रहेकै ठाँउमा बसी मुचुल्का गरिएको हो (स.ज. २९) भन्ने समेत व्यहोराको बकपत्र गरेका छन ।यस्तै बेद प्रकाश त्रिपाठीले समेत अदलातमा उपस्थित भई बकपत्र गर्दा मिति २०७८।०६।१७ गतेको स्थलगत नापजाँच तथा फिल्ड अनुगमन निरीक्षण मुचुल्काहरूको व्यहोरालाई सनाखत गर्दै मेरो र मुचुल्कामा सही गर्ने ब्यक्तिहरू सबै सामु नै निरिक्षण गरी मुचुल्का लेखि पढेर सुनाई सकेपछि मात्र हामीले सही गरेका हौ (स.ज. १४) निरिक्षण हुंदाको बखत सम्म सिँचाई भइराखेको थिएन (स.ज.२८) भन्ने समेत व्यहोराको बकपत्र गरिदिएको अवस्था रहेको छ । संजिव कुमार पण्डितले अदालतमा उपस्थित भई मिति २०७८।०६।१७ का मुचुल्काहरू र मिति २०७८।११।२५ गतेको प्रतिबेदन समेत सनाखत गरेको छन (स.ज. ६) । बकपत्रको क्रममा स्थलगत अनुगमन गर्दाको बखत उक्त कार्यहरू नभएको देखिई सोको सर्जमिन मुचुल्का समेत बनाई सोही आधारमा प्रतिबेदन दिएको हो (स.ज. १७,१८),स्थलगतको क्रममा स्थानिय व्यक्तिहरूलाई समेत राखि अनुगमन गरिएको हो (स.ज. २३) स्थलगत अनुगमनको बखत पाइपहरू एक स्थानमा जम्मा गरेर राखिएको अवस्थामा देखिएको(स.ज. २४) निर्माण नै नभएको भनी स्थानियहरूले सर्जमिनमा खुलाईसकेपछि नापजाँच गर्नु पर्ने देखिदैन र के नाप जाँच गर्ने के नगर्ने भन्ने कुराको औचित्य नरहेकोले नापी किताबको नापजाँचलाई आधार मानी प्रतिबेदन तयार गरेको(स.ज.३२) भन्ने समेत ब्यहोराको बकपत्र गरी योजनाको काम सम्पन्न नभएको भनी बकपत्र गरेको छ ।नेपाल सरकारका साक्षी सुरेन्द्रराज अधिकारीले समेत नाँपजाँच गरेको मैले देखेको भनी मिति २०७८।०६।१७ गतेको मुचुल्का सनाखत गरेका छन ।यस्तै गिता घर्तिले समेत मिति २०७८।०६।१७ गतेको स्थलगत नापजाँच तथा फिल्ड अनुगमन निरीक्षण मुचुल्का सनाखत गर्दै हालसमम्म सिंचाई गरेको छैन भनी बकपत्र गरेको छन ।प्रकाश गौतमले समेत बकपत्र गर्दा मिति २०७८।०६।१७ गतेको मुचुल्कालाई सनाखत गरेको छन । उक्त मितिमा अख्तियारका प्रतिनिधीहरूसंग फील्डमा निरिक्षणको क्रममा रही सगै बसी मुचुल्का गरी हस्ताक्षर गरेको हो(स.ज.१२,१३) भन्ने समेत व्यहोराको बकपत्र गरेका छन ।सम्मानित अदालतबाट बिशेष अदालत ऐन,२०५९ को दफा (७क) बमोजिम बुझिएका साक्षी डोलराज भट्टराई समेतले मौकाको मुचुल्का सनाखत गर्दै उक्त योजना सम्पन्न नभएको भनी उल्लेख गरी बकपत्र गरिदिएका छन ।बादी नेपाल सरकारका साक्षी तथा बुझीएको केही ब्यक्तिले उक्त काम सम्पन्न भईसकेको भनी बकपत्र गरेको भएपनि निज व्यक्तिहरू स्थानिय रहेको र निज व्यक्तिहरूलाई प्रतिबादीहरूले दवाव प्रभावमा पारी उल्लेखित कुरा ब्यक्त गरी बकपत्र गर्न सक्ने बिषयलाई नजरअन्दाज गर्न समेत सकिदैन । यसरी उल्लेखित नेपाल सरकारका साक्षीहरूले अदालतमा उपस्थित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भई निर्माणधिन योजनाको काम सम्पन्न नभएको भनी बकपत्र गरेको अबस्थामा केही व्यक्तिहरूले काम सम्पन्न भएको भनी बकपत्र गरेकोलाई मात्र आधार लिई बादी नेपाल सरकारका साक्षीले समेत काम सम्पन्न भएको भनी अदालतमा बकपत्र गरेको भन्ने आधार लिई गरेको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको। |